# मिति २०७७/११/२८ गतेको १०४ औ कार्यपालिका बैठकका निर्णयहरु

१. यस नगरपालिकाको मिति २०७७/१०/३० गते सम्पन्न आठौं नगरसभामा प्रस्तुत विषय र सभा सञ्चालनको समग्र गतिविधिको समिक्षा गरियो । नगर सभालाई आगामी दिनमा थप मर्यादित र व्यवस्थित बनाउँदै लैजाने सम्पूर्ण सदस्यहरुबाट राय सुझाव बैठकले ग्रहण गर्‍यो ।

२. कर्णाली प्रदेश सरकारबाट आगामी आर्थिक वर्ष २०७८/७९ को लागि समपूरक तथा विशेष अनुदानका लागि आयोजना तथा कार्यक्रमहरु माग गरी सूचना प्रकाशन गरेको सन्दर्भमा देहायका योजनाहरु छनोट गरि कर्णाली प्रदेश सरकारलाई स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

देहाय

**(क) समपूरक अनुदान अन्तर्गत**

| क्र स | आयोजना तथा कार्यक्रम | स्थान | लागत अनुमान रकम |
|---|---|---|---|
| १ | छेडा-बयलकाँडा सडक स्तरोन्नती तथा कालोपत्रे | वडा नम्बर १४ | १,००,००,०००। - |
| २ | टेम्पो पार्क देखी भुरेली सडक | वडा नम्बर २ | १,००,००,०००। - |
| ३ | सहकारी चोक हुँदै जर्बुटा गर्पन सडक स्तरोन्नती | वडा नम्बर १२,१३,१६ | १,००,००,०००। - |

**(ख) विशेष अनुदान अन्तर्गत**

| क्र स | आयोजना तथा कार्यक्रम | स्थान | लागत अनुमान रकम |
|---|---|---|---|
| १ | ल्याण्डफिल साईट पहुँचमार्ग स्तरोन्नती | टेम्पोपार्कदेखि ल्याण्डफिल साईट | १,००,००,०००। - |
| २ | विपन्न दलित बस्ती पूर्वाधार निर्माण | वडा नम्बर ११ | १,००,००,०००। - |

३. यस नगरपालिकाको चालु आर्थिक वर्षको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट हाल सम्म आईसोलेशन, क्वारेन्टाईन, औषधि उपचार, कर्मचारी परिचालन खर्च, विभिन्न संरचना मर्मत निर्माण लगायतका शीर्षयकहरुमा २०७७ श्रावणदेखि हाल सम्म भएको जम्मा खर्च रकम रु ४,२०,१२,४०५/- लाई अनुमोदन गर्ने ।

४. यस नगरपालिकाका विभिन्न वडास्तरीय योजना तथा कार्यक्रम संशोधनका लागि नगर सभाले कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरेकोमा विभिन्न वडाबाट नियमित प्रस्ताव पेश हुने गरेकोमा बोलपत्रका माध्यमबाट संचालन आयोजनाहरुको विनियोजित बजेटमा बोलपत्रबाट घटेको रकमबाट बढिमा ५० प्रतिशत

वीरेन्द्रनगर कार्यपालिकाको
क्रमसंख्या १०४ मिति २०७७/११/२८
को निर्णय प्रमाणित।

रकम सम्मका प्रतिवडा बढिमा तीन वटा सम्बन्धित क्षेत्रका थप योजना बनाई कार्यक्रम संचालन गर्न खर्च गरि चालु आर्थिक वर्षको अन्तमा सभा मार्फत यस प्रकारका आयोजना तथा कार्यक्रम अनुमोदन गर्ने गरी पेश गर्न कार्यालयलाई जिम्मा दिने ।

५. कर्णाली प्रदेश सरकारको सशर्त अनुदान मार्फत चालु आर्थिक वर्षको लागि अटिजम कार्यक्रम सञ्चालन तर्फ खर्च शिर्षक न २६३३२ मा विनियोजित रकम रु २० लाख संचालन अनुदान प्राप्त हुन आएकोमा यस कार्यक्रम संचालन गर्न आटिजम केयर नेपाल सोसाईटी सुर्खेतलाई उक्त रकम एकमुष्ट संचालन अनुदान उपलब्ध गराउने ।

६.आगामी बैठक मिति २०७७।१२।०१ गते बिहान ८ बजे बस्ने गरी आजको बैठक समापन भयो ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या १०४ मिति २०७७।११।२५
को निर्णय प्रमाणित।